केदारस्यूँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ५ मिति: २०७८।०४।०१

भाग-२

## केदारस्यूं गाउँपालिकाको
## गैरसरकारी संस्थाहरुसँग सहकार्य सम्बन्धीनिर्देशिका २०७७

केदारस्यूं गाउँपालिकाले गैरसरकारी संस्थाहरुसँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २५ र सोही ऐनको दफा १०२ (२) बमोजिममितिको कार्यपालिकाको निर्णयबाटगैरसरकारी संस्थासँग सहकार्य सम्बन्धीनिर्देशिका २०७८ जारी गरिएको छ ।

### परिच्छेद १ : प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भ**

क) यस निर्देशिकाको नाम गैरसरकारी संस्थाहरुसँग सहकार्य सम्बन्धीनिर्देशिका २०७८ रहेको छ ।

ख) यो निर्देशिकाकार्यपालिकाबाटपारित भएको मितिबाटलागू हुनेछ ।

**२. परिभाष र व्याख्या**

विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "प्रमुख"भन्नाले गाउँ/नगर पालिकाकाप्रमुख /अध्यक्ष सम्झनु पर्दछ ।

ख) "उप-प्रमुख"भन्नाले पालिकाकाउपप्रमुख /उपाध्यक्ष सम्झनु पर्दछ ।

ग) "पालिका"भन्नाले यस पालिकालाई जनाउने छ ।

घ) "गैसस"भन्नले नेपालको प्रचलित कानुनअनुसार दर्ता भएको गैरसरकारी संस्था, सामुदायीक संस्था र उपभोक्ता समितिहरु समेत सम्झनु पर्दछ ।

ङ) "गैसस समन्वय समिति"भन्नले यस निर्देशिका वमोजिम गठनहुने गैसस समन्वय समितिलाई सम्झनु पर्दछ ।

च) "विषयगत समिति"भन्नले यस पालिकाको कार्य विभाजन नियमावली बमोजिम गठन भएका विषयगत समितिहरु सम्झनु पर्दछ ।

छ) "गैसस महासंघ"भन्नाले गैससहरुको छाता सङ्गठन गैरसरकारी संस्थामहासंघ नेपाललाई सम्झनु पर्दछ ।

### ३. निर्देशिकाको उद्देश्य

यस निर्देशिकाको उद्देश्य देहायवमोजिमहुनेछ :

क) यस पालिका र गैसस, गैसस र गैसस बिचको सहकार्य तथा समन्वयलाई व्यवस्थितएवम् प्रभावकारी बनाउने ।

ख) यस पालिकामाकार्यक्रम संचालनगर्ने गैससहरुलाई सहज र सवलवातावरण सृजनागर्ने ।

ग) यस पालिकाको सामाजिक, आर्थिक, मानवीयलगायत समग्र विकासमा गैरसरकारी संस्थाहरुसंग भएको ज्ञान, सीप, क्षमता र स्रोत साधनको प्रभावकारी सदुपयोग गर्ने ।

घ) गाउँपालिकाभित्रका गैससँग मेल खाने अवस्थाआयमा साझेदारी गरेर जान सक्ने ।

## परिच्छेद २ : समन्वय र सहकार्य

### ४. समन्वय र सहकार्य गरिने

क) यस पालिकाभित्र कार्यक्रम संचालनगर्ने गैरसरकारी संस्था र संजालहरुसँग पालिकाले सहकार्य गर्नेछ ।

ख) गाउँपालिकामा कार्यरत गैससहरु र गाउँपालिका बीच कार्य प्रकृतिका आधारमापालिकाले समन्वयगर्नेछ ।

ग) यस गाउँपालिकाले आफ्नो प्राथमिकताका क्षेत्रमाकार्य गर्न गैरसरकारी संस्था र संजालहरुलाई साझेदारीको लागि सहज र सरल विधिअवलम्बनगर्नेछ ।

घ) यस गाउँपालिकासँग सहकार्य गर्न इच्छुकवाकार्य गरिरहेका गैरसरकारी संस्था र संजालहरुले तोकिएको ढाँचामाआफ्नो संस्थागत विवरणगाउँपालिकामा पेश गर्नु पर्नेछ र पालिकाले सो को विवरणवार्षिक रुपमा अद्यावधिकगर्नेछ ।

ङ) दफा (ग) अनुसार अद्यावधिकभएका गैरसरकारी संस्था र संजालहरुहरु यस गाउँपालिकामा सुचिकरणभएको मानिनेछ ।

च) यस गाँउपालिकाको क्षेत्रभित्रकार्यालय स्थापना गरेर गैरसरकारी संस्था र संजालहरुले कार्यालय स्थापना गरेको जानकारी यस गाउँपालिकामा गराउनु पर्नेछ ।

छ) गाउँपालिकाको तर्फबाटपालिकाक्षेत्रमाकार्यरत गैरसरकारी संस्था र संजालहरुलाई दर्ता नविकरणशुल्क, कर लगायतकाआर्थिक भार थपिने कार्य गरिलेछैन ।

## परिच्छेद ३ : समन्वय संयन्त्र

### ५.गैरसरकारी संस्था/संजाल समन्वय समितिको गठन

यस गाउँपालिकाले तपशिलअनुसारको एक गैसस समन्वय समितिगठनगर्नेछ ।

| | |
|---|---|
| क) उपप्रमुख/उपाध्यक्ष | संयोजक |
| ख) सामाजिकविकास समितिका संयोजक | सदस्य |
| ग) सामाजिकविकास शाखाप्रमुख | सदस्य |
| घ) गैसस महासंघ नेपालको पालिका स्तरीय समन्वय समितिको संयोजक वा महासंघलेतोकेको १ जनाप्रतिनिधि | सदस्य |
| ङ) पालिकामा क्रियाशिल गैससहरु मध्यबाट गैसस महासंघ नेपालको जिल्लाशाखा वा पालिका समन्वय समितिसगँ को समन्वयमा पालिकाप्रमुख/अध्यक्षले तोकेको कम्तिमा १ जना महिलाहुने गरी समावेशिताकाआधारमा २ जनामनोनित सदस्य | सदस्य |

च) प्रमुखप्रशासकीयअधिकृत सदस्य सचिव

## ६) समन्वय समितिको काम, कर्तव्य र अधिकार

क) गाउँपालिकासँग सहकार्य गर्ने तथा पालिकाक्षेत्रभित्रकार्यरत गैसस तथा सामाजिक संस्थाहरुबिच समन्वयगर्ने ।

ख) गाउँपालिका क्षेत्रभित्र आयोजना सञ्चालनगर्ने गैससहरुसँग समन्वयगर्ने ।

ग) गैससहरुसँग समन्वयतथा सहकार्यकालागि गाउँपालिकाका प्राथमिकताकाक्षेत्रहरु निर्धारणगर्ने ।

घ) गैससहरु मार्फत सञ्चालित आयोजनाहरुको प्रगति समिक्षागर्ने ।

ङ) गैससहरु मार्फत गाउँपालिकाक्षेत्रमा सञ्चाल नभएका कार्यक्रमहरुको अनुगमनगर्ने तथाआवश्यक पृष्ठपोषणदिने ।

च) गैससबाट सञ्चालनगर्ने कार्यक्रम तथा योजनाकार्यपालिका र सभामा पेश गर्ने ।

छ) गाउँपालिकाले कार्यक्रमकार्यान्वयनवा साझेदारीकालागि गैसस छनौट गर्दा निष्पक्षताकाआधारमायोग्य र सक्षम संस्थाछनौट गर्न गाउँपालिकालाई सहयोग गर्ने ।

ज) गाउँपालिकाको बार्षिक बजेट तथाकार्यक्रममा गैससको बजेट आउनु पर्ने ।

झ) गाउँपालिकाको वार्षिक योजनातर्जुमाप्रकृयामा गैससहरुको प्रभावकारी सहभागिताकालागि समन्वयगर्ने ।

ञ) गैससहरुले सञ्चालन गरेकाआयोजनावा कृयाकलाप सम्बन्धीअभिलेखलाई दुरुस्त र अद्यावधिकगरिराख्ने ।

ट) गैससहरुसँग समन्वयकालागिगाउँपालिकाभित्रकाविषयगतनिकायगतनिकायहरु र वडाकार्यालयहरुलार्य जानकारी गराउने ।

ठ) गाउँपालिका स्तरमाक्रियाशिल गैससहरुको क्षमताअभिवृद्धिगर्ने ।

ड) गैससहरुलाई आवश्यक सूचनाहरु उपलब्ध गराउने ।

ढ) गैससहरु, गाउँपालिका र सरोकारवालहरुबीच समन्वयतथा साझेदारी बैठकहरुको आयोजनागर्ने

ण) संस्थाहरुबीचकार्यक्रमकार्यान्वयनको क्रममादोहोरो पन आयमाउक्तदोहोरो पन हटाउन सहजिकरणगर्ने ।

त) गाउँपालिकाले तोकेका गैसस समन्वय सम्बन्धीअन्यकार्य गर्ने ।

थ) संस्थाहरुसँग सहकार्य गर्न तथा संस्थाहरुको क्षमताप्रवर्द्धन गर्न बजेट तर्जुमागर्ने ।

## ७. समन्वय समितिका सदस्यको पदावधी र पदपूर्ति

क) समन्वय समितिका सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ ।

ख) पदेन सदस्यबाहेक, एकै व्यक्तिलगातार दोस्रोपटकमनोनितहुन सक्ने छैनन् ।

ग) गैससमहासंघको जिम्मेवारी हेरफेर भएपछिउक्तपदमानयाँकार्यसमितिवा सो को सिफारिसबाट सदस्यतोकिनेछ ।

घ) समन्वय समितिको कुनैपनि पद कुनै पनिकारण ( राजीनामा, मृत्यु, बसाइ सराई, फौजदारी अभियोग आदिकाकारण ) रिक्तहुन सक्नेछ । यसरी पद रिक्तभएमाजुनक्षेत्रबाटप्रतिनिधित्वभएको हो सोहि क्षेत्रबाटपूर्ति गर्ने ।

## ८. बैठक सम्बन्धीव्यवस्था र निर्णय कार्यान्वयन

क) समितिको नियमित बैठक सामान्यतयामहिनामा एक पटक बस्नेछ । नियमितबाहेक आवश्यकताअनुसार अन्य बैठकबस्न बाधाहुनेछैन ।

ख) संयोजकको परामर्शमा सदस्य सचिवले बैठक बोलाउनेछन् ।

ग) बैठक सम्बन्धीकार्यविधि, सेवा सुविधा र अन्यव्यवस्था पालिकाकाअन्य समिति सो सरह हुनेछ ।

घ)समितिको निर्णयहरु र यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन सम्बन्धी दैनिकजिम्मेवारी सदस्य सचिवको हुनेछ ।

## परिच्छेद ४ : आयोजना व्यवस्थापन प्रक्रिया र गैसस

### ९. कार्यक्रम समन्वय प्रकृया

क) कार्यक्रम समन्वयका लागि गाउँपालिकाले कार्यक्रमको प्रकृतिअनुसारका तीनवटा नीतिहरु अवलम्बन गर्नेछ ।

१. जानकारी दिनुपर्ने

तालिम, गोष्ठि, अध्ययन, अनुन्धिान, खेलकुद, विभिन्न किसिमका अभियानहश्रगर्दा वा गरिसकेपछि गाउँपालिकालाई जानकारी दिनुपर्नेछ ।

२. समन्वय गर्नुपर्ने

क्षमताअभिवृदि, आयआर्जन, समुदाय परिचालन जस्ता क्रियाकलापहरु गाउँपालिकासँग समन्वयमा गर्नुपर्नेछ ।

३.अनुमतिलिनु पर्ने

क) भौतिकनिर्माण, प्राकृतिक साधन र स्रोतसँग सम्बन्धीतकार्यहरु, सेवा सञ्चालन ( विद्यालय, स्वास्थ्य सेवा ) जस्ताकार्यहरु गर्दा पालिकाको अनुमतिलिनुपर्नेछ ।

ख) कुनै पनि कृयाकलापहरु संचालनगर्दा दोहोरोपनानहुने गरी भौगोलिक क्षेत्र वाविषयगत क्षेत्र बाँडफाँड गरी स्रोतको सदुपयोग हुने कुराको सुनिश्चितता गरिनेछ ।

ग) गाउँपालिकामाकार्यरत गैसस वा संजालहरुको क्षमताप्रवर्द्धनकालागिपालिकाले बजेट विनियोजन गर्न सक्नेछ । जसको लागी गैसस वा संजालहरुसँग अनुमतिलिनु नपर्ने ।

### १०. योजनातर्जुमा प्रकृयामा गैससहरुको भूमिका

क) गाउँपालिकाले आफ्नो योजनातर्जुमा प्रकृयामापालिकाको क्षेत्रमाकार्यरत गैसस, संजालतथा सामानिक संघसंस्थाहरुलाई सहभागी गराउने छ ।

ख) जनचेतनाअभिवृद्धि, उद्यमशीलता, रोजगारीको सिर्जना, सामाजिक परिवर्तन जस्तामागपक्षको सशक्तिकरण गर्ने कार्यमा गैससको भूमिकालाई प्राथमिकतादिईनेछ ।

ग)गाउँपालिकाको योजनानिर्माणप्रक्रियामा गैससको सहभागीता र भूमिकालार्य प्राथमिकतादिईनेछ ।

घ) गैससहरुले योजनातर्जुमा प्रक्रियामा लैंगिकतथा सामाजिक दृष्टिकोणले पछाडिपारिएको समुदायको सहभागीताअभिवृद्धि गर्न सहजिकरण गर्नुपर्नेछ । गाउँपालिकामालामो समय देखि कार्यरत वालामो अवधिका परियोजना सञ्चालन गरिरहेका संस्थाहरुले पालिकालाई कार्यक्रमहरुबारे जानकारी दिई योजनातर्जुमा प्रक्रियामा समन्वय गर्नुपर्नेछ ।

### ११. योजनाकार्यान्वयन र साझेदारी

क) विभिन्नविषयवा क्षेत्रगतकार्यक्रम हरु गाउँपालिकासंगको साझेदारीमा सञ्चालनका लागि गाउँपालिकाले गैससहरुलाई आव्हान गर्न सक्नेछ ।

ख) समान प्रकृतिकाकाममा गैसस गैसस बीचतथा गैसस र गाउँपालिका वा अन्यविषयगतकार्यालय बीच दोहोरोपनानहुने सुनिश्चित गरिनेछ ।

ग) गैससको साझेदारीतामाहुने कार्यक्रममालागत सहभागीता गर्न सकिनेछ ।

## १२.योजनाअनुगमनतथा सुपरिवेक्षण र सहभागीता

क) समन्वय समितिले संघसंस्थामार्फत सञ्चालितमाथिदफा १० मा उल्लेखितपहिलो र दोस्रो वर्गमा मात्र योजनाहरुको अनुगमन गर्न वडा समितिवावडाकार्यालयहरु समेतको संलग्नता सुनिश्चित गर्नेछ ।

ख) गैससहरुबाट सञ्चालितआयोजनाहरुको अनुगमनतथा सुपरिवेक्षणकार्यमा गैससको विज्ञताआवश्यक पर्ने अवस्थामाविषयगतविज्ञताभएका गैससलाई समन्वय समितिको सिफारिसमा सहभागी गराइनेछ ।

ग) गैससहरुबाट सञ्चालितआयोजनामाथिदफा १० मा उल्लेखितपहिलो र दोस्रो बर्गमा मात्र को अनुगमनतथा सुपरिवेक्षणमाआवश्यकताअनुसार आयोजनाकार्यान्वयनहुने वडाको वडा सदस्यहरुलाई पनि सहभागी गराउन सकिनेछ ।

घ) गैससहरुले पालिका क्षेत्रमा सम्पन्न गरेका गतिविधिहरुको प्रगतिविवरणगाउँपालिकाहरुबाटआयोजनाहुने समिक्षा वैठकहरु मार्फतगाउँपालिकालाई उपलब्ध गराउनेछ ।

## १३. सार्वजनिकजवाफदेहिता सम्बन्धीव्यवस्था

क) गैससले सञ्चालन गरेका आयोजनाहरु एवम् प्राप्तउपलब्धीकाबारेमा आयोजनाकार्यान्वयन स्थलकानागरीक, जनप्रतिनिधि, उपभोक्त समितिकापदाधिकारी, लगायत सञ्चारकर्मी समेतको उपस्थीतिमापालिका स्तरीय सार्वजनिक सुनुवाई वा सामाजिकपरिक्षण गराउनु पर्नेछ । निर्माणसँग सम्बन्धित योजनाहरुका सम्बन्धमागाउँपालिकाले तोकेको ढाँचामा सार्वजनिक परिक्षण गराउनुपर्नेछ ।

## परिच्छेद ५ : विविध

## १४. गैससको प्रतिनिधित्वको व्यवस्था

यस गाउँपालिकाकाविभिन्नविषयगत समितिहरु, प्रदेश तथा संघीय सरकारद्धारा गठनगरिने गैरसरकारी संस्थाको सहभागितागर्नु पर्ने समितितथाउपसमितिहरुमा गैसस महासंघको जिल्ला समितिवापालिका स्तरीय समन्वय समितिको सिफारिसमा सम्बन्धितविषयगतविज्ञताभएका गैससकाप्रतिनिधिलाई प्रतिनिधित्वगर्न सक्नेछ ।

गाउँपालिकामा कृयाशिल संस्थाहरु मध्ये कुनै संस्था गैरसरकारी संस्थामहासंघको सदस्यनभएको अवस्थामा सोहि कारणले उपरोक्त समितिहरुमाप्रतिनिधित्वगर्ने अवसरबाटबञ्चितगरिने छैन ।

## १५. सिफारिस सम्बन्धमा

यस गाउँपालिकाले गैरसरकारी संस्थादर्ता, नविकरण, विद्यान संशोधनजस्ताकार्य तथाअन्यपालिकामा मुख्यकार्यालय रहि यस पालिकामाशाखाकार्यालय वा सर्म्पक कार्यालय खोल्न र अन्य स्थानीयतह र निकायएवम् स्वदेशीतथाविदेशी साझेदार निकायमा पेश गर्ने प्रयोजनकालागीआवश्यक पर्ने सिफारीस गाउँपालिकाबाटउपलब्ध गराउनेछ । सिफारिस मागगर्दा पेश गर्नुपर्ने कागजातहरु सम्बन्धित संस्थाले तोकेको ढाँचाभए सोहीबमोजिम र नभएको अवस्थामा अनुसूची १,२ र ३ माउल्लेख भएबमोजिमहुनेछ ।

## १६. पुरस्कार तथा सम्मान

गाउँपालिकाले सामाजिक सेवाको कार्यमा संलग्नभई जनताको अधिकार संरक्षण गरी

पिछडिएको वर्ग, क्षेत्र र समुदायको हित, कल्याण र सशक्तिकरणकालागीयोगदान पुऱ्याउने गैरसरकारी संस्थातथा समाजिकअभियान्ताहरुलाई पुरस्कृत गर्न सक्नेछ ।

## १७. संशोधन

क) यो निर्देशिका संशोधनगर्नुपर्ने भएका समितिले संशोधनको प्रस्तावतयार गरी कार्यपालिकामा पेश गर्न सक्नेछ ।

ख) समितिबाटप्राप्तहुनआएको संशोधन प्रस्तावकार्यपालिकाबाटनिर्णय भएपछिलागु हुनेछ ।

## १८. वाधाअड्काउफुकाउने अधिकार

यस निर्देशिकाको उद्देश्यकार्यान्वयनगर्न कुनै वाधाअड्काउआइएपरेमात्यस्तो वाधाअड्काउफुकाउन समन्वय समितिले गाउँपालिका समक्षसिफारिस गर्नेछ । उक्तसिफारिस बमोजिमगाउँपालिकाले आदेश जारी गर्न सक्नेछ । उक्तआदेश पश्चातलगतै बस्ने कार्यपालिकाको वैठकबाटअनुमोदनहुननसकेमाउक्तआदेश स्वत : निष्कृय हुनेछ ।

## १९. बचाउ र लागु नहुने

क) यो निर्देशिकामा लेखिएको हकमा यसै अनुसार हुने र यसमाउल्लेख नभएको कुरामाप्रचलितकानुनअनुसार हुनेछ ।

ख) नेपालको संविधानतथाप्रचलितकानुनसँगबाझिनगएमाबाझिएको हदसम्म यस निर्देशिकाका सम्बन्धितदफा र उपदफाहरु स्वत : निष्कृय हुनेछन् ।

## अनुसुची १ : नयाँ संस्थादर्ता सिफारिसकालागिआवश्यककागजातहरु
## ( दफा १५ सँग सम्बन्धित )

१. संस्थाको निवेदन
२. प्रारम्भिक भेलाले पारित गरेको विधान
३. प्रारम्भिक भेलाले संस्थादर्ताकालागितदर्थ समितिको गठनतथा संस्थादर्ता गर्न गरेको निर्णयको प्रतिलीपि
४. संस्थादर्ताकालागिगठिततदर्थ समितिकापदाधिकारी तथा सदस्यहरुको विवरण

नाम ठेगाना उमेर पेशा
नागरिकता नं. नागरिकताजारी गर्ने निकाय र जिल्ला

## अनुसूची २ : नवीकरणसिफारिसकालागिआवश्यककागजातहरु
## ( दफा १५ सँग सम्बन्धित )

१. संस्थाको पत्र
२. गत आ.व. को लेखापरीक्षणप्रतिवेदन
३.गत आ.व. को प्रगतिप्रविवेदन

## अनुसूचि ३ : विदेशीविकास साझेदा।मासिफारिस पत्रकालागि अनुरोध गर्दा अवश्यक पर्ने कागजातहरु

**( दफा १५ सँग सम्बन्धित )**

१. सिफारिस माग सम्बन्धी संस्थाको आधिकारिक पत्र ।

२. सिफरिस गरिने विष्यसँग सम्बन्धितकागजातहरुको प्रतिलीपि